# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) हेटौंडा, मकवानपुर, चैत्र १३ गते, २०७५ साल (अतिरिक्ताङ्क २५


## भाग २

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सरकारले तल लेखिए बमोजिमको आदेश स्वीकृत गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा संशोधन

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश मन्त्रिपरिषद्ले देहाय बमोजिमको आदेश स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (दोस्रो संशोधन) आदेश, २०७५" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २ मा संशोधनः** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश (यस पछि "आदेश" भनिएको) को दफा २ को,-

(१) खण्ड (ङ) मा रहेका "र सदस्य सचिव" भन्ने शब्दहरु झिकिएका छन्।

(२) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) प्रशासकीय प्रमुख भन्नाले प्रदेश सरकारले तोकेको निजामती सेवाको अधिकृतस्तर नवौं तहको अधिकृत सम्झनुपर्छ।"

३. **आदेशको दफा ३ मा संशोधनः** आदेशको दफा ३ को,-

(१) उपदफा (२) को खण्ड (च) झिकिएको छ।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) आयोगको दैनिक प्रशासनिक काम काज सञ्चालन गर्न प्रशासकीय प्रमुख रहनेछ।निजले आयोगको सचिवालयको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्नेछ।"

४. **<u>आदेशको दफा ४ मा संशोधन</u>**: आदेशको दफा ४ को उपदफा (२) र (६) मा रहेका सदस्य सचिव भन्ने शब्दहरुको सट्टा "प्रशासकीय प्रमुख" भन्ने शब्दहरु राखिएका छन्।

५. **<u>आदेशको दफा ७ मा संशोधन</u>**: आदेशको दफा ७ को,-

(१) उपदफा (२) को खण्ड (छ) झिकिएको छ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) प्रदेश विकास परिषदको प्रशासकीय कार्य आयोगको प्रशासकीय प्रमुखले गर्नेछ।"

६. **<u>आदेशको दफा ८ मा संशोधन</u>**: आदेशको दफा ८ को उपदफा (१) र (४) मा रहेका "सदस्य सचिव" भन्ने शब्दहरुको सट्टा "प्रशासकीय प्रमुख" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>आदेशको दफा १९ मा संशोधन</u>**: आदेशको दफा १९ को उपदफा (१) मा रहेका "राजपत्राङ्कित प्रथम श्रेणीको" भन्ने शब्दहरुको सट्टा "अधिकृतस्तर नवौं/दशौं" भन्ने शब्दहरु राखिएका छन्।

८. **<u>आदेशको दफा २२ मा संशोधन</u>**: आदेशको दफा २२ मा रहेका "सदस्य सचिव" भन्ने शब्दहरुको सट्टा "प्रशासकीय प्रमुख" भन्ने शब्दहरु राखिएका छन्।

**मन्त्रिपरिषदबाट स्वीकृत प्राप्त मितिः २०७५।१२।१३**

**आज्ञाले,**

**मधु सुदन बुर्लाकोटी**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।

मूल्य रु.५।-